# सर्वोच्च अदालत, संयुक्त इजलास
## माननीय न्यायाधीश श्री अव्दुल अजीज मुसलमान
## माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल
## आदेश
## मुद्दाः-उत्प्रेषण परमादेश समेत।
## ०८१-WO-०४५५

.

| | |
|---|---|
| धनुषा जिल्ला नगराईन नगरपालिका वडा नं.२ मा घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. १ मा बस्ने स्व. मकसुदन चौधरीको नाती नेवल चौधरीको छोरा त्रि.वि. कानून संकाय, नेपाल ल क्याम्पसमा अध्ययनरत कानूनको विधार्थी विवेक चौधरी.....................................१ | **निवेदक** |

विरुद्ध

| | |
|---|---|
| गृह मन्त्रालय सिंहदरबार, काठमाडौं.............................................१<br>नेपाल प्रहरी प्रधान कार्यालय, काठमाडौं........................................१<br>काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, काठमाडौं.....................१ | **विपक्षी** |

नेपालको संविधानको धारा ४६ तथा १३३ (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

१. म निवेदक विवेक चौधरी धनुषा जिल्ला नगराईन नगरपालिका वडा नं.२ घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. १ मा बसोबास गर्दै आएको नेपाली नागरिक हुँ। म निवेदक विवेक चौधरी त्रिभुवन विश्वविद्यालय, कानून संकाय अन्तर्गत नेपाल ल क्याम्पस, प्रर्दशनिमार्ग काठमाडौंमा संचालित १० सेमेस्टर Bachelor of Arts and Bachelor of Laws (B.A. LL.B.) को पाँचौं सेमेस्टरमा अध्ययनरत कानूनको विद्यार्थी हुँ। म निवेदक

नेपालको हरेक नागरिकको मौलिक हक र अधिकार सुनिश्चित हुनुपर्छ र सम्पूर्ण नागरिकले सम्मानपूर्वक बाच्न पाउनुपर्छ (right to live with dignity) र स्वतन्त्रताको हक (Right to Freedom) प्राप्त गर्न पाउनुपर्छ भन्ने धारणा राख्ने एक असल नागरिक साथ साथै दुई पाग्रे सवारी चालक अनुमति प्रमाणपत्र प्राप्त गरेको नेपाली नागरिक समेत हुँ। ट्राफिक प्रहरीहरुले सवारी चालकहरुको सवारी धनी प्रमाणपत्र, सवारी चालक अनुमति प्रमाण पत्र गैर कानूनी रुपमा नियन्त्रणमा लिने गरेको कार्यहरु बदर गराउन तथा रोक्नका लागि अन्य वैकल्पिक उपचारको व्यवस्था नभएकोले यस अदालतमा रिट दायर गर्न मलाई हकदैया प्राप्त रहेको छ। म निवेदक विवेक चौधरी मिति २०८१।०४।०४ गते शुक्रबारको दिन अपरान्ह १२:००-१:३० को समयमा बबरमहलदेखि बिजुलीबजारको पुलसम्म जाने बाटोको मेनलाईनमा रहेको ट्राफिक सङ्केत (traffic Light) उल्लङ्घन गरेको हुँदा ट्राफिक प्रहरीले सवारी रोकेर म निवेदकलाई जरिवाना गर्यो। जरिवाना गरिसकेपछि, ट्राफिक प्रहरीले सवारी चालक अनुमतिपत्र नियन्त्रण गर्यो। म निवेदक प्रस्तुत रिट निवेदकको पीडित सरोकारवाला व्यक्ति समेत हो।

२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने प्रावधान रहेको छ। दफा १६० मा दण्ड सजायको प्रावधान रहेको छ, तर सवारी चालक अनुमतिपत्र, सवारी धनी प्रमाण पत्र नियन्त्रण गर्ने अधिकार वा त्यस्तो प्रावधान सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ ले ट्राफिक प्रहरी वा प्रहरीलाई दिएको छैन। ट्राफिक प्रहरी वा प्रहरीलाई सवारी चालक अनुमतिपत्र नियन्त्रण गर्ने जस्तो कार्य वा अधिकार या त सारवान कानून वा कार्यविधि कानूनबाट प्रदान हुनु पर्छ, ट्राफिक प्रहरीलाई वा प्रहरीलाई ट्राफिक नियमको उलङ्घनमा सवारी चालक अनुमतिपत्र नियन्त्रण गर्ने अधिकार छैन। ट्राफिक प्रहरी वा प्रहरीले कानूनी आधार बिना लाइसेन्स नियन्त्रण गर्नु कानूनको शासनको उल्लङ्घन हो। कानून विपरीत गर्ने अधिकार कसैलाई पनि हुँदैन, आफ्नो अधिकारको गलत प्रयोग गरेर जनतालाई दुःख र सास्ती दिने छुट राज्यको कुनै निकाय र अंगलाई छैन। सवारी नियम उल्लङ्घन गरेको अवस्थामा ट्राफिक प्रहरीले काटेको चिट र सवारी चालकको सवारी चालक अनुमतिपत्र वा सवारी धनी दर्ता प्रमाण पत्र नियन्त्रणमा लिंदा २४ घण्टासम्म ट्राफिक प्रहरीहरुले आफ्नो सफ्टवेयरमा (Software) ईन्ट्री नगर्दा उपत्यका भन्दा बाहिरको सवारी चालकले जरिवाना अनलाइन मार्फत तत्काल तिरीसके पश्चात पनि

आफ्नो चालक अनुमतिपत्र तत्काल लिन सक्ने व्यवस्था नभएको कारण सम्पूर्ण सवारी चालकहरुले सास्ती भोग्दै आएको छन्।

३. म निवेदकको चालक अनुमति प्रमाण पत्र मिति २०८१।०४।०४ मा नियन्त्रण लिई जरिवाना तिर्दा पनि आफ्नो सबारी चालक प्रमाण पत्र २४ घण्टा पछि प्राप्त गरेको र अन्य सवारी चालकहरुको चालक अनुमति प्रमाण पत्र नियन्त्रण गर्ने कार्य गर्दै आएको र भविष्यमा समेत त्यस्तो कार्य गर्ने निश्चित रहेको हुँदा ट्राफिक प्रहरी वा प्रहरीले सवारी चालकहरुको चालक अनुमतिपत्र नियन्त्रणमा लिने गरेको कार्य वा सो सँग सम्बन्धित विपक्षीहरुले कुनै गैरकानूनी निर्णय गरेको भए सो निर्णय समेतलाई उत्प्रेषणको आदेशले बदर गरी कुनै पनि व्यक्तिको सवारी चालक अनुमति प्रमाण पत्र वा सवारी धनी दर्ता प्रमाण पत्र ट्राफिक प्रहरीले वा प्रहरीले ट्राफिक नियमको उल्लङ्घन बापत नियन्त्रण गर्ने कार्य नगर्नु र नगराउनु भनी विपक्षीहरुको नाउँमा परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ। साथै सुविधा र संतुलनको आधारबाट कानून बमोजिम बाहेक यो रिट निवेदनको टुङ्गो नलागेसम्म ट्राफिक नियमहरुको उल्लङ्घन गरेको खण्डमा कानूनले तोकेको कार्य जरिवाना वाहेक कुनै पनि सवारी चालकहरुको चालक अनुमतिपत्र वा सवारी धनी दर्ता प्रमाण लगायतको सक्कल कागजातहरु नियन्त्रणमा लिने कार्य नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरीम आदेश जारी गरी पाऊँ भनी **विवेक चौधरीले यस अदालतसमक्ष पेस गरेको रिट** निवेदन।

४. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नू।

प्रस्तुत निवेदनमा अन्तरिम आदेशसमेत माग गरेको सम्बन्धमा विचार गर्दा मागदावीको विषयवस्तु अन्तिम आदेश हुँदा **व्याख्या हुनुपर्ने प्रकृतिको देखिएको** हुँदा अहिले नै अन्तरिम आदेश जारी गरिरहनु परेन भनी मिति २०८१।०७।०८ मा यस अदालतबाट भएको आदेश।

५. विपक्षी रिट निवेदक विवेक चौधरीले सवारी यातायात व्यवस्था ऐन, २०४९ तथा सवारी यातायात नियमावली, २०५४ तथा अन्य सम्बन्धित प्रचलित कानून बमोजिम ट्राफिक प्रहरीबाट हुने चेकजाँचको विषयमा कानून विपरीत कोही कसैलाई अनावश्यक झनझट र दुःख दिने सम्बन्धमा निवेदन मागदावी रहेको देखिन्छ। यातायात तथा सवारी साधनको संचालन तथा कुशल व्यवस्थापन गरी यातायात क्षेत्रमा सवारी चालक अनुमतिपत्र चेकजाँच, सहचालकको व्यवस्थापन, सार्वजनिक साधनमा सिट संख्या तथा क्षमता भन्दा बढी यात्रु चढाएको, सवारी बीमा तथा सुरक्षित यात्राको लागि सुनिश्चितता जस्ता महत्वपूर्ण बिषयलाई नियमन गर्ने कार्य मात्र नभएर ट्राफिक प्रहरी कार्यालयहरुबाट जनचेतनामूलक कार्यक्रमहरु तथा सवारीमा सवार यात्रु तथा सवारी चालक एवम् सहचालकहरुलाई प्रत्यक्ष अभिमुखीकरण कार्यक्रमहरु गर्दै आइरहेको व्यहोरा छ। यस मन्त्रालयबाट रिट निवेदकको नागरिक हक अधिकार हनन् हुने कुनै काम कारवाही तथा निर्णय समेत नगरेको हुँदा वस्तुनिष्ठ आधार, कारण तथा प्रमाण बिना यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने **<u>विपक्षी नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट यस अदालतसमक्ष पेस भएको लिखित जवाफ।</u>**

६. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ को उपदफा (१) मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने भन्ने लेखिएको, सोहि दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिवानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबिस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारीसमक्ष बुझाउन पुर्जी दिनेछ र उपदफा(३) मा उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लिखित कसुर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घट्नास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सोबापत निजलाई हुने जरिवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पुर्जी दिनेछ भनी ऐनमा उल्लेख भए अनुसार निवेदक विवेक चौधरीलाई मिति २०८१।०४।०४ गते सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ उपदफा (१) (क) बमोजिम ट्राफिक संकेत वा ईशारा उल्लघंन गरी सवारी चलाएको कसुरमा १६७७४ नम्बरको २४ घण्टे पुर्जी जारी गरी कारवाही गरिएको, सवारी दुर्घटना न्यूनीकरण गर्नको लागि

समेत सवारी साधन प्रयोगकर्ताहरुलाई ऐनमा उल्लिखित कसुर गरेमा कारवाहीको दायरामा ल्याई सोहि ऐन बमोजिम नै कारवाही गर्दै आएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भनी विपक्षी काठमाडौं उपत्यका **ट्राफिक प्रहरी कार्यालय, रामशाहपथको तर्फबाट यस अदालतसमक्ष पेस भएको लिखित जवाफ।**

७. ट्राफिक प्रहरीले सवारी दुर्घटना रोकथाम र न्युनीकरणका लागि नियमित गस्ती तथा सवारी चेकजाँच गर्ने गराउने, सवारी नियम उल्लङ्घन गर्ने, सवारी चालकहरुलाई तोकिएको सवारी ऐन, नियम बमोजिम दण्ड जरिवाना असुल उपर गर्ने गराउने, ट्राफिकसँग सम्बन्धित जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने गराउने, सडक सुरक्षाको लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्ने गराउने प्रकृतिका कार्यहरु नियमित रुपमा गर्दै आईरहेको छ। सोही बमोजिम ट्राफिक अनुशासन कायम राख्न ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अन्तर्गतको तोकिए बमोजिमका प्रत्यायोजित अधिकार समेत प्रयोग गरी ट्राफिक नियम कार्यान्वयन गर्दै आईरहेको छ। निवेदक विवेक चौधरीलाई मिति २०८१।०४।०४ गते ट्राफिक संकेत उल्लङ्घन गरे वापत सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ उपदफा (१) (क) बमोजिम ट्राफिक संकेत वा ईशारा उल्लङ्घन गरी सवारी चलाएको कसूरमा १६७७४ नम्बरको २४ घण्टेपुर्जी जारी गरी कारवाही गरिएको देखिन्छ। रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भनी विपक्षी मध्येका **नेपाल प्रहरी प्रधान कार्यालय नक्सालको तर्फबाट यस अदालतसमक्ष पेस भएको लिखित जवाफ।**

८. कानूनी आधारबिना ट्राफिक प्रहरीले चालक अनुमतिपत्र नियन्त्रणमा लिनु अधिकारक्षेत्र नाघेको (Ultra vires) कार्य हो। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ ले ट्राफिक प्रहरी वा निरीक्षकलाई ट्राफिक नियम उल्लङ्घन गर्ने चालकलाई जरिवाना (५०० देखि १५०० सम्म) गर्ने अधिकार मात्र दिएको छ। यस दफामा कतै पनि जरिवाना गर्दा वा कारबाही गर्दा चालकको अनुमतिपत्र नै नियन्त्रणमा लिने अधिकार दिइएको छैन। यदि चालकले जरिवाना तत्काल बुझाउन सक्दैन भने उसलाई २४ घण्टाभित्र जरिवाना बुझाउन आउने गरी पुर्जी दिने व्यवस्था ऐनको दफा १६४ (२) मा छ। कानूनले पुर्जी दिनु भनेको हो, अनुमतिपत्र नै राख्नु भनेको होइन। सवारी तथा यातायात व्यवस्था ऐनको कुनै पनि दफाले ट्राफिक नियम उल्लङ्घनमा लाइसेन्स नै नियन्त्रणमा लिने अधिकार नदिएको अवस्थामा त्यसो गर्नु कानून विपरीत र अधिकारक्षेत्र

बाहिरको कार्य हुन जान्छ। आफ्नो अधिकारक्षेत्र बाहिर गई ट्राफिक प्रहरी वा प्रहरीले सवारी चालकहरुको चालक अनुमतिपत्र नियन्त्रणमा लिने कार्य उत्प्रेषणको आदेशले बदर गरी कुनै पनि व्यक्तिको सवारी चालक अनुमति प्रमाण पत्र वा सवारी धनी दर्ता प्रमाण पत्र ट्राफिक प्रहरीले वा प्रहरीले ट्राफिक नियमको उल्लघंन बापत नियन्त्रण गर्ने कार्य नगर्नु र नगराउनु भनि विपक्षीहरुको नाउँमा परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भनी **रिट निवेदक विवेक चौधरीले यस अदालतसमक्ष पेस गरेको लिखित बहस नोट।**

## ठहर खण्ड

९. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस भएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित **निवेदक विवेक चौधरीले** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा ट्राफिक नियम उल्लङ्घन गर्दा चालक अनुमतिपत्र नियन्त्रण गर्ने कुनै पनि प्रावधान छैन। उक्त दफामा यातायात निरीक्षक वा प्रहरीलाई केही निश्चित कसुरहरूमा तत्काल जरिवाना गर्ने अधिकार दिएको छ।ट्राफिक सङ्केत उलङ्घन, गलत साइडबाट चलाएको, मादक पदार्थ सेवन गरेको, सिट क्षमताभन्दा बढी राखेको जस्ता कसुरहरूमा अनुमतिपत्र नै नियन्त्रणमा लिने वा जफत गर्ने कुरा कतै पनि उल्लेख गरिएको छैन। निवेदकको चालक अनुमतिपत्र नियन्त्रणमा लिई जरिवाना तिर्दा पनि आफ्नो सबारी चालक प्रमाण पत्र २४ घण्टा पछि मात्र प्राप्त गरेको र अन्य सवारी चालकहरुको पनि चालक अनुमतिपत्र नियन्त्रण गर्ने कार्य गर्दै आएको हुँदा सवारी चालकहरुको चालक अनुमतिपत्र वा सवारी धनी दर्ता प्रमाण लगायतको सक्कल कागजातहरु नियन्त्रणमा लिने कार्य नगर्नु नगराउनु भनी आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

१०. विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान् सह न्यायधिवक्ता **श्री सोमकान्त भण्डारीले** रिट निवेदकको नागरिक हक अधिकार हनन् हुने कुनै काम कारवाही तथा निर्णय समेत विपक्षीहरुबाट भएको छैन। ट्राफिक नियमको उलङ्घन वापत निवेदकलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिमको नै कारवाही गरिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो

११. यसमा म निवेदक विवेक चौधरी मिति २०८१।०४।०४ गते शुक्रबारको दिन अपरान्ह १२:००-१:३० को समयमा बबरमहलदेखि बिजुलीबजारको पुलसम्म जाने बाटोको

मेनलाईनमा रहेको ट्राफिक सङ्केत (traffic Light) उल्लङ्घन गरेको हुँदा ट्राफिक प्रहरीले सवारी रोकेर म निवेदकलाई जरिवाना गरिसकेपछि ट्राफिक प्रहरीले सवारी चालक अनुमतिपत्रसमेत नियन्त्रणमा लिएकोमा २४ घण्टा पछि प्राप्त गरेको र अन्य सवारी चालकहरुको चालक अनुमतिपत्र नियन्त्रण गर्ने कार्य गर्दै आएको र भविष्यमा समेत त्यस्तो कार्य गर्ने निश्चित रहेको हुँदा प्रहरीले कानून बमोजिमको अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको र आफ्नो अधिकार क्षेत्र नाघी हुदै नभएको अधिकार प्रयोग गरेको हुँदा ट्राफिक प्रहरी वा प्रहरीले सवारी चालकहरुको चालक अनुमतिपत्र नियन्त्रणमा लिने गरेको कार्य उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने मुख्य निवेदन मागदावी रहेको देखिन्छ। निवेदकलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम नै कारवाही गरिएको, कानून बमोजिमको कार्य ट्राफिक प्रहरीले गरेको हुँदा निवेदकको हक हनन नभएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने लिखित जवाफ परेको देखिन्छ।

१२. उपर्युक्त बमोजिमको तथ्य रहेको रिट निवेदनमा ट्राफिक नियम उल्लङ्घनमा सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिन पाउने हो वा होइन ? र निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१३. निर्णय तर्फ विचार गर्दा, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा देहायको व्यवस्था रहेको पाइयो। यातायात निरिक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि "**देहायको कसुर पहिलो पटक गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रो पटक वा सो भन्दा बढी पटक गर्नेलाई एक हजार पाँच सय रुपैयाँको जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछः-**

**क.ट्राफिक सङ्केत वा ईशारा उल्लङ्घन गरी सवारी चलाएको।**

**ख.सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको।**

**ग.सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेको वा ध्वनी सङ्केत दिएको।**

**घ.सडकमा गलत साइड तर्फबाट सवारी चलाएको।**

**ङ.एकतर्फी सडकमा सो विपरीत सवारी चलाएको।**

**च.अवस्था ठीक नभएको सवारी चलाएको।**

**छ.निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएको।**

**ज.राती बत्ती नबाली सवारी चलाएको।**

**झ.मादक पदार्थ सेवन गरी सवारी चलाएको।**

**ञ.अरूलाई बाधा पुग्ने गरी सार्वजनिक स्थानमा सवारी राखेको।**

**ट.सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको।**

**ठ.नम्बर प्लेट नराखी सवारी चलाएको।**

**ड.सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी वजनको सवारी चलाएको।**

**ढ.पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएको।**

**ण.सवारीमा बस्ने वा राखे मानिस वा मालसामानको हद निर्धारित गरिएकोमा सो हद भन्दा बढी राखी सवारी चलाएको।**

**त.सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेको।**

**थ.निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएको।**

**द.लापरवाही साथ सवारी चलाएको।**

**ध.वाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएको।**

**न.चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको।"**

१४. उपर्युक्त कानूनी व्यावस्थालाई हेर्दा, सवारी नियमको उलङ्घन गरे वापत सवारी चालकको सवारी चालक अनुमतिपत्र वा अन्य सवारीसँग सम्बन्धित कागजात नियन्त्रणमा लिने, जफत गर्ने अधिकार ट्राफिक प्रहरीलाई कानूनले दिएको देखिदैंन। दफा १६४ ले ट्राफिक प्रहरीलाई सवारी नियम उल्लंघन गर्ने चालकलाई तत्काल जरिवाना गर्ने र जरिवाना नतिरेको अवस्थामा पुर्जी दिने सम्मको अधिकार मात्र प्रदान गरेको देखिन्छ। **विपक्षी ट्राफिक प्रहरीले निवेदक समेतका सवारी चालकको सवारी चालक अनुमतिपत्र, व्लुबुक, चावी लागयातका कागजपत्र नियन्त्रणमा लिने सम्बन्धी कुनै निर्णय गरेको भन्ने लिखित जवाफ समेतबाट नदेखिएको हुँदा निवेदन माग बमोजिम उत्प्रेषणको आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता देखिएन।**

१५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा ट्राफिक प्रहरीलाई सवारी चालक अनुमतिपत्र, व्लुबुक, चावी लगयातका कागजपत्र नियन्त्रणमा लिन सक्ने कानूनी व्यवस्था रहेको देखिँदैन। यस्तो अवस्थामा निवेदकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिई २४ घण्टा पछि फिर्ता गरेको र अन्य सवारी चालकहरुको समेत कागजात नियन्त्रणमा

लिने गरेको भन्ने मागदावी लिएको अवस्था देखिन्छ। विपक्षीहरुको लिखित जवाफ हेर्दा निवेदन माग बमोजिम चालक अनुमतिपत्र नियन्त्रणमा नलिएको भन्ने कुरा उल्लेख गरेको देखिदैन। कानूनले दिएको अधिकार मात्र साधिकार निकायले प्रयोग गर्नु पर्दछ। सार्वजनिक निकायले गर्ने प्रत्येक कार्य कानून बमोजिम हुनुपर्छ। कसैले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ बमोजिमको जरिवाना तत्काल बुझाउन नसकेमा, निजलाई २४ घण्टाभित्र जरिवाना बुझाउन आउने गरी पुर्जी सम्म दिन सक्ने व्यवस्था छ। अनुमतिपत्र लगायतका कागज पत्र नियन्त्रणमा लिन पाउने भन्ने कानूनी व्यवस्था होइन। वस्तुतः नेपाल सरकारद्वारा विकसित नागरिक एपको थालनीले आफ्नो सवारी चालक अनुमतिपत्र डिजिटल रूपमा भण्डारण गर्न, पहुँच गर्न र सवारी जरिवानाहरू भुक्तान गर्न अनुमति दिएको छ, जसलाई ई-चलान वा डिजिटल चिट पनि भनिन्छ।[1] यसले सवारी चालक अनुमतिपत्रको भौतिक प्रतिलिपि बोक्नुपर्ने आवश्यकतालाई हटाएको साथै ट्राफिक जरिवानाहरू व्यवस्थापन गर्ने प्रक्रियालाई सरल बनाएको देखिन्छ। तथापि प्रहरीले ट्राफिक नियम उल्लङ्घनका लागि कुनै सवारी चालकको अनुमतिपत्र जफत गर्ने वा कव्जामा लिन कानूनले अधिकार प्रदान नगरेकोमा त्यस्तो कार्य गरेमा अधिकारको अधिक प्रयोग (Excessive of power) हुन जान्छ। आफ्नो अधिकार क्षेत्र बाहिरको विषय तानी कार्य गरेमा (Excessive of jurisdiction) हुन जान्छ। यस्तै प्रकृतिको मशहुद खाँ समेत विरुद्ध ससस्त्र प्रहरी प्रधान कार्यालय समेत भएको उत्प्रेषण मुद्दा (नेकाप २०७६, अंक १२, निर्णय नं. १०३९५) मा अदालत, न्यायाधिकरण, सरकारी वा सार्वजनिक अधिकारी र कानूनबमोजिम गठित निकायबाट अधिकार क्षेत्रात्मक त्रुटि गरी भए गरेको काम कारवाहीलाई बदर गरी त्यस्ता निकायलाई अधिकारको सीमाभित्र राख्न उत्प्रेषणको आदेश जारी हुन्छ भनी यस अदालतबाट व्याख्या भएको छ। योगेन्द्र गिरी विरुद्ध स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत भएको उत्प्रेषण मुद्दा (नेकाप २०७२, अंक ८, नि.नं. ९४५८) मा अधिकार नभएको व्यक्तिले अधिकार क्षेत्र ग्रहण गरी वा अधिकार क्षेत्र भए पनि अधिकारक्षेत्रको सीमा नाघी कार्य गरेमा त्यस्तो निर्णय अमान्य र बदर हुन्छ भनिएको छ। करिसिंह भुल समेत विरुद्ध लोकसेवा आयोग, केन्द्रिय कार्यालयसमेत भएको उत्प्रेषण मुद्दा (नेकाप २०७३, अंक ३, निर्णय नं. ९५५८) मा **"राज्यका हरेक निकायहरुले आफुबाट भएका हरेक कामकारवाही र निर्णयको कानूनी आधार देखाउन**

[1] https://traffic.nepalpolice.gov.np/notices/63/, २०८१।०९।१६ मा website मा प्रकाशित।

**सक्नु पर्ने हुन्छ, देखाउन नसके त्यस्ता कारवाही र निर्णयले वैधता प्राप्त गर्न सक्दैन।"** भनी यस अदालतले फैसला गरेको छ। साथै विष्णुप्रसाद पौडेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको रिट निवेदन(नेकाप २०७३, अंक ७, निर्णय नं. ९६३४) मा **"राज्यका हरेक निकायहरुबाट भएका काम कारवाही र निर्णयहरु कानूनसम्मत रुपमा सम्पन्न हुनुपर्दछ। त्यस्ता निकायबाट सम्पन्न भएका काम कारवाही तथा निर्णयहरुको कानूनी आधार र औचित्यतासमेत पुष्टि भएको हुनुपर्दछ। कानूनी आधार र औचित्य पुष्टि नहुने काम कारवाही तथा निर्णयहरुले वैधता प्राप्त गर्न नसक्ने"** भन्ने व्याख्या गरिएको छ।

१६. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ ले ट्राफिक प्रहरीलाई केवल जरिवाना गर्ने अधिकार दिएकोमा कानूनले तोकेको भन्दा बढी अधिकार प्रयोग गरी सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिँदा व्यक्तिको आवतजावत गर्ने र आफ्नो पेशा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतामा अनुचित बन्देज लाग्न जान्छ। यस्तो कार्य विधिको शासन (Rule of Law) को विपरीत हुन जान्छ। नेपालको संविधानको धारा १८ ले सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरेको अवस्थामा कानून विपरीत प्रहरीले कुनै चालकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिने कार्यले नेपालको संविधानको धारा १८ अन्तर्गत समान संरक्षणको हकलाई समेत असर पार्दछ। कानूनी राज्यमा कानून नै सर्वोपरी हुन्छ। व्यक्तिको हक अधिकार वा स्वतन्त्रतालाई असर पार्ने जुनसुकै कार्य पनि स्पष्ट कानूनी शक्तिको आधारमा गरिएको हुनुपर्छ। जुन काम प्रत्यक्ष रुपले गर्न पाईदैन त्यो काम अप्रत्यक्ष रुपले समेत गर्न मिल्दैन। सवारी नियमको उलङ्घन गरेमा हुने सजाय अन्तर्गत चालक अनुमतिपत्र, ब्लुबुक र गाडीको साँचो कब्जामा लिने कानूनी व्यवस्थाको अभावमा सो कार्य कुनै निकाय वा अधिकारीबाट हुन्छ भने सो अधिकारीको उक्त कार्यले व्यक्तिको मर्यादालाई समेत असर पार्ने हुँदा यस प्रकारको सवारी नियमको उलङ्घन भएको अवस्थामा चालक अनुमतिपत्र लगायत कुनै समान कब्जामा लिने कार्यलाई कदापि न्यायपूर्ण मान्न नमिल्ने हुँदा निवेदकबाट अनुमतिपत्र लगायतको समान कब्जामा लिईएको कार्य गैर कानूनी देखिन आयो।

१७. तसर्थ, माथि विवेचित आधार प्रमाणहरुबाट विपक्षी ट्राफिक प्रहरी कार्यलयले सवारी चालकहरुको सवारी चालक अनुमतिपत्र समेत नियन्त्रणमा लिने सम्बन्धमा कुनै निर्णय गरेको

नदेखिएको अवस्थामा निवेदन माग बमोजिम उत्प्रेषणको आदेश जारी गर्नु पर्ने विद्यमानता देखिन नआई रिट निवेदन खारेज हुने ठहर्छ। तथापि सार्वजनिक अधिकारीको स्वेच्छाचारितालाई अदालतले मान्यता दिन हुदैन। यसमा आवश्यक नियन्त्रण गर्नु जरुरी हुन्छ। जहाँ स्वेच्छाचारिताले प्रश्रय पाउँछ, त्यहा कानूनी राज्यको आदेश निमोठिन पुग्छ। **ट्राफिक प्रहरीले निवेदक र अन्य व्यक्तिको सवारी चालक अनुमितपत्र, व्लुबुक, चावी लगयातका कागजपत्र नियन्त्रणमा लिन कानूनले अनुमति प्रदान नगरेको अवस्थामा नियन्त्रणमा लिने गरेको भन्ने देखिएको हुँदा त्यस्तो स्वेच्छाचारी र कानून विपरीतको कार्य रोक्नुपर्ने देखियो। यसर्थ, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको सवारी चालक अनुमतिपत्र, व्लुबुक लगयातका कागजपत्रहरु र चावी नियन्त्रणमा लिने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।** आदेशको जानकारी महान्यायधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिनू। आदेशको विद्युतीय प्रति मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

**श्रीकान्त पौडेल**

न्यायाधीश

उक्त रायमा सहमत छु ।

**अव्दुल अजीज मुसलमान**

न्यायाधीश

**फैसला तयार गर्न सहयोग गर्ने :**

इजलास अधिकृत(उपसचिव):-सीताराम खड्का

कम्प्युटर अपरेटर : विकेश गुरागाई

इति सम्वत् २०८२ साल पौष महिना ६ गते रोज १ शुभम्............................।